# अर्थ बुलेटिन

वर्ष ७ अंक ७ | माघ, २०८२

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- चालु आर्थिक वर्षको माघसम्म आर्थिक परिसूचकहरु सकारात्मक रहेका छन्। कुल राजस्व परिचालन ३.४५ प्रतिशतले बढेको छ भने कुल संघीय खर्च ६.१६ प्रतिशतले बढेको छ। स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ७५ लाख नाघेको छ। वैदेशिक सहायता प्रतिवद्धता घटेको छ। संघीय सरकारको तिर्न बाँकी सार्वजनिक ऋण ९.५ प्रतिशतले वृद्धि भएको छ।
- समग्र मूल्यस्तर घटेको छ। २०८२ माघ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.२५ प्रतिशत रहेको छ।यस अवधिसम्मको औसत मुद्रास्फीति भने १.९२ प्रतिशत रहेको छ।
- कुल वस्तु निर्यात ३२.२ प्रतिशतले वृद्धि भएको छ भने वस्तु आयात १३.६ प्रतिशतले बढेको छ। निर्यातको आधार सानो हुँदा व्यापार घाटा वृद्धि भएको छ। निर्यात-आयात अनुपातमा सुधार भएको छ। कुल व्यापारमा निर्यातको अंश बढेको छ।
- वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति (नयाँ र पुनः श्रम स्वीकृति) लिने कुल नेपाली कामदारको संख्या १.५ प्रतिशतले बढेको छ भने विप्रेषण आप्रवाह ३९.८ प्रतिशतको उच्च दरले बढेको छ।
- चालु खाता र शोधनान्तर स्थिति दुवै उच्च बचतमा छन्। पर्याप्त विदेशी विनिमय सञ्चिति रहेको कारण बाह्य क्षेत्र सबल रहेको छ।
- वित्तीय क्षेत्रका परिसूचक सामान्य रहेका छन्। व्याजदर घटेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.८ प्रतिशतले बढेको छ। कुल प्रवाहित कर्जामध्ये उपभोग क्षेत्रमा २२.० प्रतिशत कर्जा प्रवाह भएको छ।


**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### सार्वजनिक वित्त

१. चालु आर्थिक वर्षको माघसम्म सार्वजनिक वित्तका सूचक सामान्य छन्। कुल संघीय राजस्व सङ्कलन न्यून दरले वृद्धि भएको छ भने कुल संघीय सरकारी खर्च ६.६ प्रतिशतले बढेको छ। पूँजीगत तर्फको खर्चमा भने कमी आएको छ। आयकर तर्फको ब्याजकर सङ्कलन तथा गैरकर सङ्कलनमा कमी आएको कारण राजस्व सङ्कलनमा न्यून दरले वृद्धि भएको छ। कुल संघीय राजस्वको आकार सानो र वृद्धि दर पनि न्यून हुँदा संघीय सरकारको वित्त घाटा (राजस्व तथा खर्चबीचको अन्तर) वृद्धि भएको छ।

**चार्ट (क) संघीय सरकारको माघसम्मको सार्वजनिक वित्त सम्बन्धी सूचकको अवस्था (रु. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### संघीय सरकारी खर्च

२. सङ्घीय सार्वजनिक खर्च वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ को माघसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.१६ प्रतिशतले वृद्धि भई रु.८ खर्ब १ अर्ब ३७ करोड पुगेको छ। यस अवधिमा चालु खर्च तथा वित्तीय व्यवस्था तर्फको खर्चमा क्रमशः ७.६ प्रतिशत र ७.० प्रतिशतले वृद्धि भएको छ भने पूँजीगत खर्चमा ६.९ प्रतिशतले कमी आएको छ। पछिल्लो राजनीतिक घटनाक्रमको कारण विकासका प्राथमिकता फेरिँदा पूँजीगत तर्फको खर्चमा कमी आएको हो।

**तालिका (क): पछिल्लो ५ वर्षको माघसम्मको खर्च स्थिति (रु. करोडमा)**


| शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु | ४७५६२.४० | ५३१५०.१० | ५०९०४.२२ | ५२२६२.५३ | ५६२३७.१५ |
| पुँजीगत | ६०७८.९६ | ६६२९.८४ | ६३५७.८९ | ६८४१.५९ | ६३७२.९९ |
| वित्तीय व्यवस्था | ५४६१.१३ | ६९८५.८० | ११४१३.२६ | १६३८१.२२ | १७५२७.३५ |
| **जम्मा** | **५९१०२.४९** | **६६७६५.७४** | **६८६७५.३७** | **७५४८५.३४** | **८०१३७.४९** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

३. यस अवधिको कुल संघीय खर्चमध्ये चालु खर्च ७०.२ प्रतिशत, पुँजीगत खर्च ८.० प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च २१.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ६९.२ प्रतिशत, ९.१ प्रतिशत र २१.७ प्रतिशत रहेको थियो।

## चार्ट (ख): पछिल्लो दश आर्थिक वर्षको माघसम्मको खर्च संरचना

(संघीय खर्चको प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

४. पछिल्ला वर्षमा वित्तीय व्यवस्थातर्फको खर्च बढेको छ। विभिन्न प्रकोप व्यवस्थापन, संघीयता कार्यान्वयन लगायतका क्षेत्रमा ठूलो रकम खर्चिनु परेको र उक्त कार्यका लागि लिएको ऋणको सावाँ चुक्ता गर्नु परेकोले यस्तो खर्च बढेको हो।

५. चालु आर्थिक वर्षको माघसम्मको खर्चलाई आधार मान्दा असोज महिनाको खर्चभार सबैभन्दा बढी रहेको छ। असोजमा मात्र कुल खर्चको २३.० प्रतिशत खर्च भएको छ। सबैभन्दा कम साउनमा ५.८ प्रतिशत खर्च भएको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको माघसम्मको मासिक खर्चको विवरण (रु. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १८४७.९८ | ७२.६३ | २७१० | ४६३०.६१ | ०.०५८ |
| भदौ | ९५७०.७४ | ५६२.७ | ३२५२.९९ | १३३८६.४३ | ०.१६७ |
| असोज | १४२६१.८८ | १२८३.०१ | २८९७.०१ | १८४४१.९ | ०.२३० |
| कात्तिक | ६४१८.६२ | ६१३ | ३३९८.३८ | १०४३० | ०.१३० |
| मङ्सिर | ७७०५.५ | ८५६.०९ | ९९५.५९ | ९५५७.१८ | ०.११९ |
| पुष | ८,९०९.६६ | १,५५५.२८ | २,११०.७२ | १२,५७५.६६ | ०.१५७ |
| माघ | ७५२२.७७ | १४३०.२८ | २१६२.६६ | ११,११५.७१ | ०.१३९ |
| **जम्मा** | **५६२३७.१५** | **६३७२.९९** | **१७५२७.३५** | **८०१३७.४९** | **१** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

## राजस्व परिचालन

६. राजस्व सङ्कलन न्यून दरले बढेको छ। चालु आर्थिक वर्षको माघसम्म संघीय सरकारको कुल राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.८ प्रतिशतले बढेर रु.६ खर्ब ६५ अर्ब २ करोड पुगेको छ। यस अवधिमा कर राजस्व सङ्कलन ६.० प्रतिशतले बढेको छ भने गैर-कर राजस्व १४.९ प्रतिशतको उच्च दरले घटेको छ। यस अवधिमा राजस्व र अन्य प्राप्ति सहित कुल प्राप्ति रु.६ खर्ब ६९ अर्ब ३३ करोड पुगेको छ। गत आर्थिक वर्षको माघसम्म कुल सङ्कलित राजस्व रु.६ खर्ब ४२ अर्ब ८५ करोड र कुल प्राप्ति रु. ६ खर्ब ५० अर्ब ९१ करोड रहेको थियो।


**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो सात महिनाको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| कर | ५६०८४.३२ | ४६४१९.०८ | ५१०४९.५५ | ५६५६४.३६ | ५९९३१.४६ |
| गैर कर | ५२५६.७७ | ५०४९.८८ | ५६९०.७५ | ७७२१.०३ | ६५७१.०३ |
| **कुल राजस्व** | ६१३४१.०९ | ५१४६८.९६ | ५६७४०.३० | ६४२८५.३९ | ६६५०२.४९ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

७. चालु आर्थिक वर्षमा गैर-कर राजस्वमा आएको उच्च कमीको कारण कुल राजस्वमा कर राजस्वको योगदान बढेको छ। यस अवधिमा सङ्कलित कुल राजस्व रकममध्ये कर राजस्व र गैरकर राजस्वको हिस्सा क्रमशः ९०.१ प्रतिशत र ९.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ८८.० प्रतिशत र १२.३ प्रतिशत रहेको थियो। सार्वजनिक संस्थानबाट शुल्क, लाभाँश तथा दस्तुर लगायतका रकम कम प्राप्त नहुँदा गैर-कर राजस्व रकम न्यून भएको हो।

**चार्ट (ग): पछिल्लो १० आर्थिक वर्षको माघसम्मको राजस्व सङ्कलनको प्रवृत्ति** (रू. करोडमा)






स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

८. नेपालको राजस्व सङ्कलन मूलतः आयातमा आधारित रहेको छ। आयात वृद्धिसँगै राजस्व सङ्कलन बढ्ने र आयात घट्दा राजस्व सङ्कलन समेत घट्ने गरेको छ। आर्थिक वर्ष २०७८/७९ मा २३.९ प्रतिशतको उच्च वृद्धि भएको राजस्व सङ्कलन आर्थिक वर्ष २०७९/८० मा बाह्यक्षेत्र सुधारका लागि चालिएका कदमबाट प्रभावित भई १६.१ प्रतिशतले सङ्कुचन भएको थियो। तत्पश्चातका वर्षमा भने साजस्व वृद्धिदर सुधार हुँदै गएको देखिन्छ। प्रतिकुल राजनीतिक अवस्थाका बावजुद पनि चालु आर्थिक वर्षमा राजस्व सङ्कलन न्यून दरले बढेको छ। चालु आर्थिक वर्षमा भने गैरकर सङ्कलनमा सङ्कुचन आउँदा राजस्व सङ्कलन न्यून भएको हो।

९. चालु आर्थिक वर्षको पहिलो सात महिनाको कुल राजस्वमा मूल्य अभिवृद्धि करको योगदान सबैभन्दा बढी २९.५ प्रतिशत र शिक्षा सेवा शुल्कको योगदान सबैभन्दा कम ०.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त शीर्षकको राजस्व योगदान क्रमश २८.४ प्रतिशत र ०.३ प्रतिशत रहेको थियो।

**चार्ट (घ): पछिल्लो २ आर्थिक वर्षको माघसम्म सङ्कलित राजस्वको संरचना**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

१०. चालु आर्थिक वर्षको माघसम्म आयकर अन्तर्गतको ब्याजकर उपशीर्षक तर्फको राजस्व सङ्कलनमा कमी आउँदा आयकर सङ्कलनमा सिमान्त दरले कमी आएको छ भने गैर-कर राजस्व सङ्कलनमा करिब १५.० प्रतिशतले सङ्कुचन आएको छ। अन्य राजस्व शीर्षकमा भएको राजस्व सङ्कलन बढेको छ। यस अवधिमा शिक्षा सेवा शुल्क सङ्कलन ६१.१ प्रतिशतको उच्चदरले बढेको छ। साथै, अन्य शीर्षकका राजस्व सङ्कलन समेत वृद्धि भएको छ।

११. आर्थिक गतिविधिमा आएको सुस्तताका कारण आयकर सङ्कलनमा कमी आएको अनुमान छ। आर्थिक गतिविधिमा बढोत्तरी ल्याउँदै आयकर सङ्कलनमा वृद्धि गर्नका लागि लगानी तथा व्यवसायमैत्री वातावरण निर्माण गर्ने, प्रभावकारी बजार अनुगमन र अनुसन्धानमा जोड दिनुपर्ने तथा व्यवसाय सञ्चालनमा सहजीकरण गर्नुपर्ने देखिन्छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको माघसम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०८२/८३ को वार्षिक लक्ष्य | २०८१/८२ माघसम्मको सङ्कलन | २०८२/८३ माघसम्मको लक्ष्य | २०८२/८३ माघसम्मको सङ्कलन | माघसम्मको लक्ष्यको तुलनामा सङ्कलन प्रतिशत | वार्षिक लक्ष्यको तुलनामा सङ्कलन प्रतिशत | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **३०५५७.०५** | **१२५८५.०७** | **१७०५०.२०** | **१३५३२.२९** | **७९.४** | **४४.३** | **७.५** |
| **मूल्य अभिवृद्धि कर** | **३९४५९.५२** | **१८२६०.०१** | **२१७२१.५८** | **१९६४४.१७** | **९०.४** | **४९.८** | **७.६** |
| उत्पादन, बिक्री, सेवा | १७२७९.८९ | ७६२२.६८ | ८९७०.८४ | ८२१७.४७ | ९१.६ | ४७.६ | ७.८ |
| पैठारी | २२१७९.६३ | १०६३७.३४ | १२७५०.७३ | ११४२६.७० | ८९.६ | ५१.५ | ७.४ |
| **अन्तःशुल्क** | **२१३१५.७७** | **९५०९.००** | **११५९८.७७** | **१०५४३.६०** | **९०.९** | **४९.५** | **१०.९** |
| आन्तरिक उत्पादन | १५२२७.१२ | ६९६०.०० | ८१८८.६७ | ७६५९.७८ | ९३.५ | ५०.३ | १०.१ |
| पैठारी | ६०८८.६५ | २५४९.०० | ३४१०.१० | २८८३.८२ | ८४.६ | ४७.४ | १३.१ |
| **शिक्षा सेवा शुल्क** | **५२३.१३** | **२१४.०४** | **२७४.२२** | **३४४.७५** | **१२५.७** | **६५.९** | **६१.१** |
| **आयकर** | **४०७०२.९२** | **१५९९६.२३** | **२२००७.४८** | **१५८६६.६५** | **७२.१** | **३९.०** | **-०.८** |
| आयकर | ३५५४४.८८ | १३८३०.५० | १८३०९.७४ | १३९९८.९० | ७६.५ | ३९.४ | १.२ |

| कर शीर्षक | २०८२/८३ को वार्षिक लक्ष्य | २०८१/८२ माघसम्मको सङ्कलन | २०८२/८३ माघसम्मको लक्ष्य | २०८२/८३ माघसम्मको सङ्कलन | माघसम्मको लक्ष्यको तुलनामा सङ्कलन प्रतिशत | वार्षिक लक्ष्यको तुलनामा सङ्कलन प्रतिशत | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| ब्याज कर | ५१५८.०५ | २१६५.७३ | ३६९७.७४ | १८६७.७५ | ५०.५ | ३६.२ | -१३.८ |
| **कर राजस्व जम्मा** | १३२५५८.३९ | ५६५६४.३६ | ७२६५२.२५ | ५९९३१.४६ | ८२.५ | ४५.२ | ६.० |
| **गैर कर जम्मा** | १५४४१.६१ | ७७२१.०३ | ८७१०.८७ | ६५७१.०३ | ७५.४ | ४२.६ | -१४.९ |
| **कूल राजस्व** | १४८०००.०० | ६४२८५.३९ | ८१३६३.१२ | ६६५०२.४९ | ८१.७ | ४४.९ | ३.४ |
| **अन्य प्राप्ति** | ०.०० | ८०५.५६ | ०.०० | ४३०.४५ | - | - | -४६.६ |
| **जम्मा राजस्व/प्राप्ति** | १४८०००.०० | ६५०९०.९५ | ८१३६३.१२ | ६६९३२.९४ | ८२.३ | ४५.२ | २.८ |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निर्यात, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

१२. यस अवधिमा शिक्षा सेवा शुल्क लक्ष्यभन्दा बढी सङ्कलन भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ८१.७ प्रतिशत रहेको छ। जसमध्ये कर राजस्व सङ्कलन लक्ष्यको ८२.५ प्रतिशत रहेको छ भने गैरकर राजस्व सङ्कलन ७५.४ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको माघसम्म सङ्कलित कुल राजस्व वार्षिक लक्ष्यको ४४.९ प्रतिशत रहेको छ।

## संघीय राजस्व

१३. चालु आर्थिक वर्षको माघसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.८ प्रतिशतले वृद्धि भई रू.५ खर्ब ८३ अर्ब ११ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सङ्घीय राजस्व १३.३ प्रतिशतले बढेको थियो। गैर-कर राजस्व र आयकर सङ्कलन घटेकोले सो को प्रभाव संघीय राजस्व सङ्कलन सिमान्त दरले बढेको हो।

१४. यस अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व भने ८.३ प्रतिशतले वृद्धि भई रु.८१ अर्ब ९१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व वृद्धिदर १३.३ प्रतिशत रहेको थियो।

## करको दायरा विस्तार

१५. स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेको छ। २०८२ माघसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ७५ लाख २६ हजार नाघेको छ। यस अवधिसम्म दर्ता कायम रहेका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ७१.३ प्रतिशत रहेको छ। त्यसैगरी, व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या २८.२ प्रतिशत र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ०.५ प्रतिशत रहेको छ। २०८१ माघमा उक्त करदाताको हिस्सा क्रमशः ६९.३ प्रतिशत, ३०.२ प्रतिशत र ०.५ प्रतिशत रहेको थियो। यस अवधिसम्म मुल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ६७ हजार ३ सय ३४ र अन्तःशुल्कमा दर्ता भएका करदाताको सङ्ख्या १ लाख ३० हजार ५ सय १४ पुगेको छ।

### तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८२ असारसम्म | आ.व.२०८१/८२ को माघसम्म थप | २०८२/८३ माघसम्म थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | २०६०७५८ | ६८४८५ | ६५२५३ | २१२६०११ |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं | ३५८७० | १५१६ | १०९७ | ३६९६७ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४९०२७२२ | ३६३७०२ | ४६०३५८ | ५३६३०८० |
| **जम्मा स्थायी लेखा नम्बर** | **६९९९३५०** | **४३३७०३** | **५२६७०८** | **७५२६०५८** |
| मूल्य अभिवृद्धि कर (VAT) | ३५१७३५ | १४२९९ | १५५९९ | ३६७३३४ |
| अन्तःशुल्क (Excise) | १२४९९७ | ५७६४ | ५५१७ | १३०५१४ |

स्रोतः आन्तरिक राजस्व विभाग, २०८२।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता

१६. वैदेशिक सहायता प्रतिबद्धता घटेको छ। चालु आर्थिक वर्षको माघसम्म वैदेशिक सहायता प्रतिबद्धता रु. ७३ अर्ब १३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता रु. २ खर्ब २१ अर्ब ४५ करोड रहेको थियो। यस अवधिको कुल सहायता प्रतिबद्धतामध्ये ३६.९ प्रतिशत अनुदान र ६३.१ प्रतिशत सहुलियतपूर्ण ऋण रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः २५.५ प्रतिशत र ७४.५ प्रतिशत रहेको थियो।

१७. कुल सहायता प्रतिबद्धतामध्ये सबैभन्दा बढी ४७.० प्रतिशत सडक पूर्वाधार क्षेत्रमा र सबैभन्दा कम प्रतिवद्धता शिक्षा क्षेत्रमा ०.२ प्रतिशत रहेको छ।

**चार्ट (ङ)ः चालु आर्थिक वर्षको माघसम्म प्राप्त विकास सहायता प्रतिबद्धता (प्रतिशतमा)**




स्रोतः अर्थ मन्त्रालय, २०८२।

१८. वैदेशिक अनुदान प्राप्ति वृद्धि भएको छ। यस अवधिमा कुल वैदेशिक सहायता (अनुदान) प्राप्ति रू. १२ अर्ब ८३ करोड ७९ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्राप्ति रू. ८ अर्ब ८२ करोड ६० लाख रहेको थियो।

## ऋण

१९. सरकारको कुल तिर्न बाँकी सार्वजनिक ऋणमा वृद्धि भएको छ। २०८२ माघसम्म संघीय सरकारको तिर्न बाँकी सार्वजनिक ऋण गत वर्षको सोही अवधिको तुलनामा ९.५ प्रतिशतले वृद्धि भई रू.२८ खर्ब ५८ अर्ब ९८ करोड पुगेको छ, जुन गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको ४६.८ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४७.२ प्रतिशत र ५२.८ प्रतिशत रहेको छ। २०८१ माघमा यस्तो हिस्सा क्रमशः ४९.१ प्रतिशत र ५०.९ प्रतिशत रहेको थियो।

२०. चालु आर्थिक वर्षको माघसम्म संघीय सरकारको कुल ऋण सेवा खर्च रु.२ खर्ब ३ अर्ब ६६ करोड रहेको छ। यस अवधिमा आन्तरिक ऋणतर्फ रु. १ खर्ब ३६ अर्ब ७६ करोड र बाह्य ऋणतर्फ रु.२६ अर्ब ७६ करोड गरी जम्मा रु. १ खर्ब ७० अर्ब ६१ करोड सावाँ भुक्तानी भएको छ। साथै, आन्तरिक ऋणतर्फ रु.३३ अर्ब 85 करोड र बाह्य ऋणतर्फ रु.6 अर्ब 29 करोड गरी कुल रु.40 अर्ब 14 करोड ब्याज भुक्तानी भएको छ।

२१. यस अवधिसम्म आन्तरिक ऋणतर्फ रु. २ खर्ब १७ अर्ब ६६ करोड ६९ लाख र बाह्य ऋणतर्फ रु.३७ अर्ब ८१ करोड ६४ लाख गरी कुल रु.२ खर्ब ५५ अर्ब ४८ करोड ३३ बराबरको सार्वजनिक ऋण परिचालन भएको छ।

## वास्तविक क्षेत्र


### समग्र मूल्य स्थिति

२२. समग्र मूल्यस्तरमा कमी आएको छ। २०८२ माघ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.२५ प्रतिशत रहेको छ। २०८१ माघमा यस्तो मुद्रास्फीति ४.१६ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ को माघसम्मको औसत मुद्रास्फीति भने १.९२ प्रतिशत रहेको छ।

२३. नेपालको मुद्रास्फीति भारत, चीन तथा अन्य मुलुकको मुद्रास्फीतिमा आधारित हुने गरेको छ। कुल आयातको करिब दुई तिहाइ हिस्सा भारतबाट हुने भएकोले नेपालको मुद्रास्फीतिमा भारतीय मुद्रास्फीतिले प्रत्यक्ष प्रभाव पार्ने गरेको छ। सन् २०२६ जनवरीमा भारतको मुद्रास्फीतिमा वृद्धि भएकोले नेपालमा मुद्रास्फीति पनि वृद्धि हुन गएको हो।

२४. २०८२ माघ महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.५० प्रतिशतले वृद्धि भएको छ भने गैर खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.६६ प्रतिशतले वृद्धि भएको छ। विगत तीन वर्ष देखि नै गैर खाद्य वस्तुको मुद्रास्फीति करिब करिब स्थिर देखिए पनि खाद्यवस्तुको मुद्रास्फीति अस्थिर देखिएको छ।

चार्ट (च): पछिल्लो ५ वर्षको मासिक उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)




स्रोत: नेपाल राष्ट्र बैंक, २०८२।

## मौद्रिक क्षेत्र

### निक्षेप तथा कर्जा प्रवाह

२५. यस अवधिमा निक्षेप तथा कर्जा प्रवाह दुवै बढेको छ। २०८२ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप २०८२ मङ्सिर मसान्तमा ६.० प्रतिशतले बढेर रु. ७६ खर्ब ९७ अर्ब ५९ करोड पुगेको छ। २०८१ को सोही अवधिमा यस्तो निक्षेप ३.८ प्रतिशतले बढेको थियो।

२६. वार्षिक विन्दुगत आधारमा २०८२ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १४.९ प्रतिशतले वृद्धि भएको छ। बैंक तथा वित्तीय संस्थामा रहेको यस अवधिसम्मको कुल निक्षेप कुल गार्हस्थ्य उत्पादनको १२६.५४ प्रतिशत पुगेको छ।

२७. २०८२ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा ४.० प्रतिशतले बढेर रु. ५७ खर्ब १९ अर्ब ५४ करोड पुगेको छ। २०८१ को सोही अवधिमा यस्तो कर्जा ५.६ प्रतिशतले वृद्धि भएको थियो।

२८. वार्षिक बिन्दुगत आधारमा २०८२ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.८ प्रतिशतले बढेको छ। यस अवधिसम्म निजी क्षेत्रतर्फ प्रवाहित कुला कर्जा २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनको ९४.९४ प्रतिशत रहेको छ।

२९. यस अवधिमा भएको कर्जा प्रवाहमध्ये उपभोगमा आधारित ऋण (Consumable loan) को हिस्सा सबैभन्दा बढी २२.० प्रतिशत रहेको छ भने सबैभन्दा कम ऋण प्रवाह स्थानीय सरकारमा भएको छ।

तालिका (च): चालु आर्थिक वर्षको माघसम्म बैंक तथा वित्तीय क्षेत्रबाट प्रवाह भएको क्षेत्रगत कर्जा प्रवाहको अवस्था (कुल कर्जाको प्रतिशतमा)


| कर्जा प्रवाह भएको क्षेत्र | २०७८-१० | २०७९-१० | २०८०-१० | २०८१-१० | २०८२-१० |
|---|---|---|---|---|---|
| कृषि | ७.९ | ८.५ | ८.२ | ७.७ | ७.१ |
| खनिज | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ |
| उत्पादन | १५.४ | १५.६ | १६.१ | १६.५ | १६.० |

| कर्जा प्रवाह भएको क्षेत्र | २०७८-१० | २०७९-१० | २०८०-१० | २०८१-१० | २०८२-१० |
|---|---|---|---|---|---|
| निर्माण | ४.५ | ४.१ | ४.२ | ४.२ | ४.३ |
| स्टील उत्पादन, मेसिनरी तथा विद्युतीय सामाग्री उत्पादन तथा फिटिङ्ग | १.६ | १.६ | १.४ | १.३ | १.३ |
| यातायातका साधन उत्पादन तथा फिटिङ्ग | १.२ | १.१ | ०.९ | ०.९ | ०.९ |
| यातायात, सञ्चार तथा सार्वजनिक सेवा | ५.९ | ६.६ | ७.५ | ८.१ | ८.८ |
| थोक तथा खुद्रा व्यापार | २०.४ | २०.३ | १९.९ | १९.२ | १७.९ |
| वित्त, बीमा तथा स्थिर लगानी | ७.८ | ७.५ | ७.४ | ७.६ | ७.५ |
| सेवामूलक उद्योग | ८.२ | ८.६ | ८.५ | ८.५ | ८.५ |
| उपभोगको लागि ऋण | १७.७ | १८.२ | १९.५ | १९.७ | २२.० |
| स्थानीय सरकार | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| अन्य | ९.३ | ७.६ | ६.२ | ६.० | ५.४ |
| **जम्मा** | १०० | १०० | १०० | १०० | १०० |

श्रोतः नेपाल राष्ट्र बैंक, २०८२।

३०. बैंक तथा वित्तीय क्षेत्रको ब्याजदर घटेको छ। २०८२ माघमा वाणिज्य बैंकको निक्षेप तथा कर्जाको भारित औसत ब्याजदर क्रमशः ३.५१ प्रतिशत र ७.०० प्रतिशत रहेको छ। २०८१ माघमा यस्तो ब्याजदर क्रमशः ४.६२ प्रतिशत र ८.५५ प्रतिशत रहेको थियो।

**चार्ट (छ): पछिल्लो १० वर्षको वाणिज्य बैंकको ब्याजदर** (प्रतिशतमा)




श्रोतः नेपाल राष्ट्र बैंक, २०८२।

३१. २०८२ माघ मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०६ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। सबै स्थानीय तहहरुमा वाणिज्य बैङ्कका शाखा पुगेको छ। बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या २०८१ माघ मसान्तमा ११ हजार ५ सय ४० रहेकोमा २०८२ को सोहि अवधिमा ११ हजार ४ सय ९० कायम भएको छ। यस अवधिमा एटिएम बुथको सङ्ख्या भने ३८ ले थप भई ५२७३ पुगेको छ।

३२. बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जा बढेको छ भने विपन्न क्षेत्र कर्जा घटेको छ। २०८१ माघमा कुल कर्जाको ४.९२ प्रतिशत रहेको निष्कृय कर्जा २०८२ माघमा ५.४२ प्रतिशत पुगेको छ। त्यसैगरी, २०८१ माघमा विपन्न क्षेत्र कर्जा कुल कर्जा लगानीको ५.९३ प्रतिशत रहेकोमा २०८२ माघमा ५.२९ प्रतिशत रहेको छ।

## मुद्राप्रदाय

३३. आर्थिक वर्ष २०८२/८३ को पहिलो सात महिनामा विस्तृत मुद्राप्रदाय (एम२) ५.९ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा पनि यस्तो मुद्राप्रदाय ४.४ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा, २०८२ माघ मसान्तको तुलनामा २०८२ माघ मसान्तमा विस्तृत मुद्राप्रदाय १४.२ प्रतिशतले बढेको छ।

३४. अर्थतन्त्रमा तरलता बढेको छ। वार्षिक बिन्दुगत आधारमा सङ्कुचित मुद्राप्रदाय (एम १) २०८२ माघ मसान्तमा १९.५ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ४.२ प्रतिशतले बढेको थियो।

## सेवा व्यापार


३५. कुल सेवा आय वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ को पहिलो सात महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको कुल सेवा आय रु. १ खर्ब ३४ अर्ब ५२ करोडको तुलनामा ८.० प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४५ अर्ब ३५ करोड पुगेको छ। यस अवधिको कुल सेवा आयमा पर्यटन क्षेत्रबाट प्राप्त आयको हिस्सा ३३.० प्रतिशत रहेको छ भने टेलिकम्युनिकेशन, कम्प्युटर तथा अन्य सूचना प्रविधि सेवाबाट प्राप्त आयको हिस्सा १०.२ प्रतिशत रहेको छ।

३६. यस अवधिको कुल सेवा खर्च गत वर्षको सोही अवधिको रु. १ खर्ब ७० अर्ब ६९ करोडको तुलनामा १४.५ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ९५ अर्ब ९१ करोड पुगेको छ। आर्थिक वर्ष २०८२/८३ को माघसम्म खुद सेवा आय रू.५० अर्ब १६ करोड घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू.३६ अर्ब १७ करोड घाटामा रहेको थियो। कुल सेवा खर्चमा शिक्षाजन्य खर्चको हिस्सा ३९.७ प्रतिशत रहेको छ।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३७. पछिल्ला वर्षमा विप्रेषण आप्रवाहमा निरन्तर वृद्धि हुँदै गएको छ। २०७३ को माघ महिनासम्म रू. ३ खर्ब ९४ अर्ब ५७ रहेको विप्रेषण आप्रवाह २०८२ को सोही अवधिसम्म रू.१२ खर्ब ६१ अर्ब १ करोड (अमेरिकी डलर ८ अर्ब ८५ करोड ५८ लाख) पुगेको छ। आर्थिक वर्ष २०७६/७७ र २०७८/७९ को पहिलो सात महिना बाहेक अन्य वर्षको सोहि अवधिमा विप्रेषण आप्रवाह वृद्धि भएको छ। चालु आर्थिक वर्षको पहिलो सात महिनामा विप्रेषण आप्रवाह नेपाली रूपैंयामा ३९.८ प्रतिशत र अमेरिकी डलरमा ३३.० प्रतिशतले बढेको छ।

चार्ट (ज): पछिल्लो १० आर्थिक वर्षको माघसम्मको विप्रेषण आप्रवाहको प्रवृत्ति (रू. अर्बमा) र वृद्धिदर (प्रतिशतमा)





स्रोत: नेपाल राष्ट्र बैङ्क, २०८२।

३८. चालु आर्थिक वर्षको माघसम्म वैदेशिक रोजगारीमा जान कुल ४ लाख ७२ हजार ५ सय ७७ जना नेपालीले श्रम स्वीकृति लिएका छन्। जसमा नयाँ श्रम स्वीकृति तथा नवीकरणको हिस्सा क्रमशः ५१.८८ प्रतिशत र ४८.१२ प्रतिशत रहेको छ। यस अवधिमा श्रम स्वीकृति लिने नयाँ नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको २ लाख ७४ हजार ६ सय २२ को तुलनामा १०.७ प्रतिशतले कमी आई २ लाख ४५ हजार १ सय ५३ रहेको छ। यस अवधिमा वैदेशिक रोजगारीमा जान पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या भने गत आर्थिक वर्षको सोही अवधिको १ लाख ९० हजार ८ सय ८६ को तुलनामा १९.१ प्रतिशतले वृद्धि भई २ लाख २७ हजार ४ सय २४ पुगेको छ।

३९. आर्थिक वर्ष २०७७/७८ को माघसम्म कोभिड-१९ को सङ्क्रमणको कारण उच्च दरले घटेको वैदेशिक श्रम स्वीकृति तत् पश्चात्का वर्षमा क्रमश बढ्दै आर्थिक वर्ष २०७९/८० को माघसम्म सबैभन्दा उच्च ४ लाख ८२ हजार ४ सय ७५ पुगेको थियो।

चार्ट (झ) विगत सात वर्षमा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या (हजारमा)





स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४०. पछिल्ला वर्षमा चालु खाता र शोधनान्तर स्थिति बचतमा निरन्तर सुधार भएको छ। विगतका वर्षमा समेत चापमा रहेको उक्त सूचक २०७८/७९ मा उच्च घाटामा रहेको थियो । घाटा नियन्त्रणका लागि सरकारले नीतिगत कदम चाले पश्चात्का वर्षमा उक्त घाटा निरन्तर सुधार भई चालु आर्थिक वर्षको पहिलो सात महिनामा क्रमशः रू. ४ खर्ब ९३ अर्ब ७८ करोड र रू. ५ खर्ब ७२ अर्ब ७३ करोडले बचतमा रहेको छ।

चार्ट (ञ): पछिल्लो १० आर्थिक वर्षको माघसम्मको चालु खाता र शोधनान्तर स्थिति (रु.अर्बमा)





स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## विदेशी विनिमय सञ्चिति

४१. विदेशी विनिमय सञ्चिति पर्याप्त छ। २०८२ माघ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रू.३३ खर्ब २ अर्ब ७० करोड पुगेको छ। अमेरिकी डलरमा, यस्तो सञ्चिति २२ अर्ब ७५ करोड ६६ लाख बराबर छ। आर्थिक वर्ष २०७८/७९ मा वैदेशिक विनिमय सञ्चिति न्यून भई ६ महिनाको मात्र वस्तु तथा सेवा आयात धान्न पर्याप्त भएकोले आयात नियन्त्रणका नीति अवलम्बन गरिएसँगै त्यसपछिका वर्षहरूमा यस्तो सञ्चिति निरन्तर उकालो लाग्दै गएको छ।

**चार्ट (ट): पछिल्लो १० आर्थिक वर्षको माघमसान्तको विदेशी मुद्रा सञ्चिति (रु.अर्बमा) र सञ्चिति पर्याप्तता सूचकाङ्क (महिनामा)**




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

४२. आर्थिक वर्ष २०८२/८३ को पहिलो सात महिनामा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २१.३ महिनाको वस्तु आयात तथा १८.० महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

४३. पर्याप्त विदेशी विनिमय सञ्चिति रहेको कारण बाह्य क्षेत्र सबल रहेको छ। सरकारले उक्त सञ्चिति उत्पादनमूलक क्षेत्रमा लगानी गरी आर्थिक समृद्धिका लागि प्रयोग गर्न सक्ने देखिन्छ।

## विनिमय दर

४४. २०८२ असार मसान्तको तुलनामा २०८२ माघ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ५.४ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१४४.८३ पुगेको छ।

**चार्ट (ठ): पछिल्लो दशक (२०७३ साउनदेखि २०८२ माघ मसान्त) को खरिद विनिमय दरको प्रवृत्ति** (अमेरिकी डलर १ = ... नेपाली रुपैंया)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## बाह्य क्षेत्र

४५. चालु आर्थिक वर्षको माघसम्म कुल वस्तु व्यापार १५.७६ प्रतिशतले वृद्धि भई रु. १२ खर्ब ९१ अर्ब ६३ करोड पुगेको छ। यस अवधिमा वस्तु आयात र वस्तु निर्यात दुवै बढेका छन्। कुल व्यापारमा निर्यात र आयातको अंश क्रमशः १३.० प्रतिशत र ८७.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ११.४ प्रतिशत र ८८.६ प्रतिशत रहेको थियो।

४६. पछिल्लो दश आर्थिक वर्षको पहिलो सात महिनासम्म भएको वस्तु निर्यातको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७९/८० र आर्थिक वर्ष २०८०/८१ मा बाहेक अन्य आर्थिक वर्षमा निर्यात व्यापार वृद्धि भएको छ। चालु आर्थिक वर्षको माघ सम्म कुल वस्तु निर्यात ३२.२ प्रतिशतले बढेको छ।

४७. यस अवधिमा आर्थिक वर्ष २०७६/७७, २०७९/८० र २०८०/८१ मा बाहेक अन्य वर्षको माघ मसान्तसम्म कुल आयात वृद्धि भएको छ। आर्थिक वर्ष २०७६/७७ मा कोभिड सङ्क्रमणका कारण वस्तु आयात घटेको हो भने आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा बाह्य क्षेत्र स्थायित्वका लागि आयातमा प्रतिबन्ध लगाउँदा वस्तु आयात घटेको हो।

४८. एक दशकको माघसम्मको निर्यात-आयात अनुपात विश्लेषण गर्दा चालु आर्थिक वर्षमा सबैभन्दा उच्च १५.० प्रतिशत र कुल व्यापारमा निर्यातको अंश पनि सबैभन्दा उच्च १३.० प्रतिशत पुगेको छ।

४९. चालु आर्थिक वर्षको माघसम्मको कुल व्यापारमा भारत, चीन र अन्य मुलुकको हिस्सा क्रमशः ५९.४ प्रतिशत, १८.३ प्रतिशत र २२.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ५७.९ प्रतिशत, १७.४ प्रतिशत र २०.३ प्रतिशत रहेको थियो।

तालिका (छ): पछिल्लो पाँच आर्थिक वर्षको माघसम्मको वस्तु व्यापारको विवरण (रु. करोडमा)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| वस्तु आयात | ११४७४७.२४ | ९१९१६.५६ | ८९७९४.२७ | ९८८५८.८६ | ११२३४८.७१ |
| वस्तु निर्यात | १३१६५.५३ | ९३४३.१६ | ८६८२.९० | १२७२०.४७ | १६८१४.५२ |
| **कुल व्यापार** | **१२७९१२.७७** | **१०१२५९.७२** | **९८४७७.१७** | **१११५७९.३३** | **१२९१६३.२३** |
| **व्यापार घाटा** | १०१५.८२ | ८२५.७३ | ८११.११ | ८६१.३८ | ९५५.३४ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ३८.४ | (१८.७) | (१.८) | ६.२ | १०.९ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ११.५ | १०.२ | ९.७ | १२.९ | १५.० |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ८९.७ | ९०.८ | ९१.२ | ८८.६ | ८७.० |

स्रोतः भन्सार विभाग, २०८२।

## वस्तु निर्यात

५०. आर्थिक वर्ष २०८२/८३ को माघसम्म कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३२.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ६८ अर्ब १५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ४६.५ प्रतिशतले बढेर रु.१ अर्ब २७ अर्ब २० करोड पुगेको थियो। यस अवधिमा कारोवार मूल्यका आधारमा प्रशोधित पाम तेल, भटमासको प्रशोधित तेल, अलैंची, जुटका बुनिएका कपडा लगायतका वस्तुको मूल्य वृद्धि भएको छ। साथै, सूर्यमुखीको प्रशोधित तेल, उनी गलैंचा कार्पेट, फलामे पाता, सेन्थेटिक यार्न लगायतका वस्तुको निर्यात घटेको छ।

तालिका (ज): पछिल्लो दुई आर्थिक वर्षको माघसम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति

(रु. करोडमा)

| वस्तु | २०८१ माघ | २०८२ माघ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ३२४१.६१ | ६६७८.८७ | १०६.० |
| अलैची | ५३९.७७ | ८६१.२ | ५९.५ |
| सेन्थेटिक यार्न | ८१०.५४ | ७७०.५७ | -४.९ |
| सूर्यमुखीको प्रशोधित तेल | ६५७.६८ | ५७८.४८ | -१२.० |

| वस्तु | २०८१ माघ | २०८२ माघ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| उनी गलैंचा कार्पेट | ६४६.८७ | ५७७.०५ | -१०.८ |
| तयारी कपडा | ४९३.०६ | ४९५.२८ | ०.५ |
| फलफुलको जुस | ३९६.७३ | ४१३.९ | ४.३ |
| जुटका बुनिएका कपडा | ३२१.४८ | ४१२.२६ | २८.२ |
| प्रशोधित पाम तेल | १३८.२८ | ३७७.२४ | १७२.८ |
| जम्मा | ७५४४.८४ | ११४९८.५७ | ५२.४ |
| अन्य | ५१७५.६३ | ५३१५.९५ | २.७ |
| **कुल** | **१२७२०.४७** | **१६८१४.५२** | **३२.२** |

स्रोतः भन्सार विभाग, २०८२।

५१. यस अवधिमा भारततर्फ भएको निर्यातको अंश तीन चौथाई भन्दा बढी रहेको छ। यस अवधिको कुल वस्तु निर्यातमध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ८१.८ प्रतिशत, ०.५ प्रतिशत र १७.७ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ७७.० प्रतिशत, १.६ प्रतिशत र २१.४ प्रतिशत रहेको थियो।

५२. यस अवधिको निर्यातमा सबैभन्दा बढी अंश प्रशोधित भटमासको तेलको (३९.७ प्रतिशत) रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त वस्तु निर्यातको हिस्सा २५.५ प्रतिशत रहेको थियो। निर्यात व्यापारलाई दिगो बनाउन देशगत र वस्तुगत विविधिकरण गरी निर्यात आधार वृद्धि गर्नु पर्ने देखिन्छ।

५३. यस अवधिको कुल निर्यातमा प्रमुख १० वस्तुको निर्यातको अंश ६८.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको माघसम्म भएको कुल निर्यातमा यस्ता वस्तुको अंश ५९.३ प्रतिशत रहेको थियो।

## वस्तु आयात

५४. कुल वस्तु आयात वृद्धि भएको छ। चालु आर्थिक वर्ष २०८२/८३ को माघसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.६५ प्रतिशतले वृद्धि भई रु.११ खर्ब २३ अर्ब ४९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात १०.०९ प्रतिशतले वृद्धि भई रु.९ खर्ब ८८ अर्ब ५९ करोड पुगेको थियो।

५५. यस अवधिमा कारोवार मूल्य तथा आयतनका आधारमा चाँदी डि.ए.पी र युरिया मल तथा कच्चा पाम तेलको आयात उच्च दरले वृद्धि भएको छ। साथै, भटमासको कच्चा तेल, सुन, मोबाइल फोन लगायतका वस्तुको आयात समेत उच्च दरले बढेको छ। कारोवार मूल्यका आधारमा सुन, डीएपी मल र भटमासको कच्चा तेलको आयात उच्च दरले बढेको छ। यस अवधिमा एच.आर.सिट, एल.पि. ग्यास, लसुन, सूर्यमुखीको कच्चा तेल लगायतका वस्तुको आयात घटेको छ।

५६. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ५६.० प्रतिशत, २१.० प्रतिशत र २३.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६०.३ प्रतिशत, १९.५ प्रतिशत र २०.२ प्रतिशत रहेको थियो।

५७. यस अवधिमा भारत, चीन र अन्य देशहरूतर्फको आयातमा क्रमशः ५.५ प्रतिशत, २२.३ प्रतिशत र २९.५ प्रतिशतले वृद्धि भएको छ।

### तालिका (झ): पछिल्लो दुई आर्थिक वर्षको माघसम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति

(रु. करोडमा)

| वस्तु | २०८१ माघ | २०८२ माघ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल कच्चा | ३८२९.७४ | ७०९९.५७ | ८५.४ |
| डिजेल | ६६४८.०२ | ६९९१.२२ | ५.२ |
| पेट्रोल | ३७६४.१५ | ३८१३.८७ | १.३ |
| एल पि ग्यास | ३५४७.६७ | ३१८५.०९ | -१०.२ |

| वस्तु | २०८१ माघ | २०८२ माघ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| शुद्ध फलाम | २९९५.०५ | ३१०९.१३ | ३.८ |
| मोवाइल टेलिफोन | २०२०.८३ | २७२०.८१ | ३४.६ |
| तयारी कपडा | २५३४.२४ | २५६०.०८ | १.० |
| चाँदी | ४००.५ | २४००.९२ | ४९९.५ |
| सुन | १२३३.७२ | २२३४.१५ | ८१.१ |
| एच.आर.सिट | २४२४.७३ | २१३२.७२ | -१२.० |
| जम्मा | २९३९८.६५ | ३६२४७.५६ | २३.३ |
| अन्य | ६९४६०.२१ | ७६१०१.१५ | ९.६ |
| **कुल** | **९८८५८.८६** | **११२३४८.७१** | **१३.६** |

स्रोतः भन्सार विभाग, २०८२।

५८. चालु आर्थिक वर्षको माघसम्म आयात भएका प्रमुख १० वस्तुको कुल आयातमा अंश ३२.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्ता वस्तुहरुको कुल आयातमा अंश २९.७ प्रतिशत रहेको थियो। यस अवधिमा सबैभन्दा बढी आयात भएको कच्चा भटमासको तेलको कुल आयातमा अंश ६.३ प्रतिशत रहेको छ। यस अवधिमा रु.७१ अर्ब बराबरको कच्चा भटमासको तेल आयात भएको छ भने रु.६६ अर्ब ७९ करोड बराबरको प्रशोधित भटमासको तेल निर्यात भएको छ।


## व्यापार घाटा

५९. व्यापार घाटा वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ को माघसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.९ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ५५ अर्ब ३४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ६.२ प्रतिशतले बढेको थियो।

६०. चालु आर्थिक वर्षको पहिलो सात महिनामा भारतसँगको व्यापार घाटामा १.३ प्रतिशतले सुधार भएको छ भने चीन र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः २३.१ प्रतिशत र ३२.७ प्रतिशतले बढेको छ।

६१. विगत दश आर्थिक वर्षको व्यापार घाटा विश्लेशण गर्दा कोभिड -१९ को कारण गरिएको बन्दाबन्दी पछि अर्थतन्त्र सुचारू हुनासाथ आयात उच्चदरले बढ्दा आर्थिक वर्ष २०७८/७९ को माघसम्मको वस्तु व्यापार घाटा उच्च दरले बढेको थियो। तत्पश्चात्का वर्षमा यस्तो व्यापार घाटा क्रमशः सुधार भएको थियो।


**चार्ट (ड): पछिल्लो १० आर्थिक वर्षको माघसम्मको वस्तु व्यापार घाटाको स्थिति** (रु. अर्बमा)




स्रोतः भन्सार विभाग, २०८२।

६२. कुल वस्तु व्यापारमा निर्यातको अंश न्यून रहेको छ। यद्यपि पछिल्ला वर्षमा निर्यात आयात अनुपात तथा कुल व्यापारमा निर्यातको अंश भने वृद्धि हुँदै गएको छ। २०७७ को माघमा कुल व्यापारमा निर्यातको हिस्सा ६.० प्रतिशत तथा निर्यात आयात अनुपात ६.४ प्रतिशत रहेको २०८२ को माघमा यस्तो हिस्सा क्रमशः १२.४ प्रतिशत र १४.२ प्रतिशत पुगेको छ। यद्यपि, सीमित वस्तुको निर्यात मात्र उल्लेख्य बढेको कारण निर्यातमा वस्तुगत तथा देशगत विविधिकरण गर्नुपर्ने देखिन्छ।

**चार्ट (ढ): पछिल्लो ५ आर्थिक वर्षको मासिक वस्तु व्यापारको स्थिति** (रु. करोडमा)




स्रोतः भन्सार विभाग, २०८२


## अन्य क्षेत्र

### पर्यटक आगमन

६३. सन् २०२५ को अगष्ट देखि २०२६ को फेब्रुअरीसम्म (चालु आर्थिक वर्षको पहिलो सात महिनामा) नेपाल आएका पर्यटकको सङ्ख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४.७ प्रतिशतले वृद्धि भई ७ लाख ८ हजार ५ सय ९१ पुगेको छ। सन् २०२५ मा नेपाल आएका पर्यटक सङ्ख्या कोभिड पूर्व (सन् २०१९) को तुलनामा केही न्यून (३.३४ प्रतिशतले न्यून) रहेको छ।

६४. सन् २०१९ मा नेपालमा कुल पर्यटक आगमन ११ लाख ९७ हजार रहेकोमा कोभिड-१९ को कारण सन् २०२० देखि घट्दै गएकोमा कोभिड महामारीको अन्त्यसँगै पुनः वृद्धि भई सन् २०२५ मा कुल पर्यटक आगमन ११ लाख ५८ हजार नाघेको छ।


**चार्ट (ण): पछिल्लो १० वर्षमा नेपाल भित्रिएका पर्यटकको सङ्ख्या (हजारमा)**




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

६५. नेपालमा पर्यटक आगमन बाह्रै महिना समान दरमा हुन सकेको छैन। विशेषतः मार्च र सेप्टेम्बर पछिका केही महिना पर्यटक आगमन बढ्ने गरेको छ।

चार्ट (त): पछिल्लो १० वर्ष नेपाल भित्रिएका पर्यटकको सङ्ख्या (मासिक)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## पर्यटन आय

६६. चालु आर्थिक वर्षको माघसम्म पर्यटन क्षेत्रबाट प्राप्त आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.६ प्रतिशतले घटेर रु. ४७ अर्ब ९९ करोड रहेको छ। यस अवधिमा भ्रमण व्ययमा ५.१ प्रतिशतले वृद्धि भई रु. १ खर्ब २१ अर्ब २७ करोड पुगेको छ।

६७. यस अवधिको भ्रमण व्ययमध्ये वैदेशिक अध्ययनमा गएका विद्यार्थीले ६४.० प्रतिशत रकम लगेका छन्। जुन रु.७७ अर्ब ५७ करोड बराबर रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु.६४ अर्ब ९ करोड ९३ लाख रहेको थियो।


६८. चालु आर्थिक वर्षको पहिलो सात महिनामा शिक्षा क्षेत्रमा रु. ३ अर्ब ८३ करोड ५६ लाख रकम भित्रिएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. २ अर्ब ७६ करोड ४६ लाख रहेको थियो।

## बीमा क्षेत्र

६९. बीमा क्षेत्रका परिसूचक सकारात्मक छन्। चालु आर्थिक वर्षको माघसम्म सक्रिय जीवन बीमालेख सङ्ख्या १४.६ प्रतिशतले वृद्धि भई १ करोड ६२ लाख १५ हजार माथि पुगेको छ। यस अवधिमा निर्जीवन बीमालेख सङ्ख्या समेत ५.९ प्रतिशतले वृद्धि भएको छ। कुल बीमालेख सङ्ख्यामध्ये जीवन बीमाको हिस्सा ८९.४ प्रतिशत रहेको छ।

७०. २०८२ माघसम्म म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४९.८ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसङ्ख्या ४३.९ प्रतिशत रहेको थियो।


### चार्ट (थ): पछिल्लो ५ वर्षको माघसम्मको बीमालेखको अवस्था (हजारमा)




स्रोत: नेपाल बीमा प्राधिकरण।

७१. पछिल्ला वर्षमा वैदेशिक रोजगार बीमालेख बाहेकका बीमालेख सङ्ख्यामा वृद्धि भएको छ। वैदेशिक रोजगार बीमालेखको सङ्ख्यामा भने यस अघि उच्च वृद्धि हुने गरेकोमा चालु आर्थिक वर्षको माघ सम्ममा भने नकारात्मक वृद्धि भएको छ।

### चार्ट (द): पछिल्लो ५ वर्षको माघसम्मको बीमालेखको वृद्धिदर (प्रतिशतमा)




७२. आर्थिक वर्ष २०८२/८३ को माघसम्म सङ्कलन भएको बीमा प्रिमियम सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४१ अर्ब ९८ करोड ५१ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू. १ खर्ब २० अर्ब ७८ करोड ८९ लाख रहेको थियो।

७३. यस अवधिको बीमा प्रिमियम सङ्कलनमध्ये जीवन बीमा र निर्जिवन बीमातर्फ सङ्कलित प्रिमियमको हिस्सा क्रमशः ८०.१ प्रतिशत र १९.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको माघसम्मसम्म यस्तो हिस्सा क्रमशः ७९.५ प्रतिशत र २०.५ प्रतिशत रहेको थियो।


## पुँजी बजार

७४. २०८२ माघमा नेप्से सूचकाङ्क घटेको छ। २०८१ माघ मसान्तमा २६८५.७३ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८२ को सोही अवधिमा २६७१.०७ विन्दु कायम भएको छ। वार्षिक विन्दुगत आधारमा २०८२ माघ मसान्तमा धितोपत्र बजार पुँजीकरण ०.६

प्रतिशतले सङ्कुचन भई रु.४४ खर्ब ८४ अर्ब ७९ करोड रहेको छ। २०८१ माघ मसान्तमा धितोपत्र बजार पुँजीकरण ३५.० प्रतिशतले वृद्धि भएको थियो।

७५. आर्थिक वर्ष २०७३/७४ को माघ महिनाको तुलनामा नेप्से सूचकाँक १०६.०६ प्रतिशतले बढेको छ। यस अघि आर्थिक वर्ष २०७७/७८ को माघ महिनामा नेप्से सूचकाँक २८०१.५७ बिन्दुमा पुगेको थियो।


चार्ट (ध): पछिल्लो ५ वर्षको माघ मसान्तको नेप्से सूचकाङ्क




स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२।

७६. महिनाकै पहिलो धितोपत्र कारोबार भएको दिन माघ ४ गते २६७२.५६ बिन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावका बीच महिनाको अन्तिम कारोवार भएको दिन माघ २९ गते २६७१.०७ बिन्दु कायम भएको छ। यस महिनामा धितोपत्र कारोबार भएको दिनमध्ये माघ ११ गते नेप्से सबैभन्दा बढी २७७२.१७ बिन्दुमा पुगेको थियो।

चार्ट (न): २०८२ माघ महिनाको नेप्से सूचकाङ्क




स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२।